मिति २०७८।१०।१०

श्री नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय हरिसिद्धि
सितापाईला, काठमाडौं,

## बाबुआमा बिहिन बालबालिकाले निबेदन दिने सम्बन्धि सुचना ।

नागार्जुन नगरपालिका भित्र स्थायी बसोबास गर्ने आमा बाबु दुवैको मृत्य भएको वा दुबैको संरक्षण र रेखदेखबाट बन्चित भई अरुको संरक्षणमा रहेको, १८ बर्ष पुरा नगरेको, ५ बर्ष पूरा गरेको बालबालिकाको हकमा बिद्यालय भर्ना भई नियमित बिद्यालय जाने गरेको र कुनै गैर कानूनी वा अपराधिक कार्यमा संलग्न नभएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चत गरी सामाजिक संरक्षण गर्ने उद्धेश्यले नागार्जुन नगरपालिका भित्र बसोबास गर्ने बालबालिकाहरुका लागि मिति २०७८।१०।२४ भित्र निम्न बमोजिमको दरखास्त पेश गर्नु हुन सूचना प्रकाशित गरिएको छ । तोकीएको अवधि भित्र पर्न आएका दरखास्तको सम्वन्धीत वडाबाट जाचबुझ गरी छनौट भएका बालबालिकाहरुलाई नियमानुसार भत्ता प्रदान गरिनेछ ।

### निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :

१) आमा र बाबु दुबैको मृत्यु भएका वा बेपता भएका वा दुबैको संरक्षण र रेखदेखबाट बन्चित भै अरुको संरक्षणमा रहेका बालबालिकाको तर्फबाट संरक्षक, माथवर वा स्याहर सुसार गर्ने व्यक्तिले देहायका कागजात संलग्न गरी आफू बसोबास गरेको वडा कार्यालय मार्फत निबेदन पेश गर्नु पर्नेछ ।

२) जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि नागरिकता भएमा (नागरिकता प्रमाण पत्रको प्रतिलिपि )

३) बाबु र आमा दुबैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलीपि वा बाबु र आमा दुवै बेपता भएको वा दुबैको संरक्षण र रेखदेखबाट बन्चितिमा परेको प्रमाणित कागजात

४ बिद्यालयमा भर्ना भैई नियमित बिद्यालयमा जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ बर्ष पुरा गरेको बालबालिकाको हकमा )

५ ) संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

२०७८।१०।१०

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकीय अधिकृत